**बैठक नं. १९** (बैठक संख्या ९४)

आज मिति २०८३/०३/०४ गते दिउँसो १:०० वजे गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

**उपस्थिती:**

| क्र सं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | कार्यपालिका सदस्य | श्री ईश्वरी काफ्ले | |
| ४ | कार्यपालिका सदस्य | श्री चेत बहादुर सुनारी | |
| ५ | कार्यपालिका सदस्य | श्री थमन बहादुर गाहा | |
| ६ | कार्यपालिका सदस्य | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | कार्यपालिका सदस्य | श्री खुमकान्त बस्याल | |
| ८ | कार्यपालिका सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | कार्यपालिका सदस्य | श्री सरस्वती वि. क. | |
| १० | कार्यपालिका सदस्य | श्री विमला जि.आर | |
| ११ | कार्यपालिका सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | कार्यपालिका सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | कार्यपालिका सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | गाउँकार्यपालिका सचिव | श्री वीर बहादुर पुन | |
| १५ | अधिकृत सातौ | श्री बिमला गैहे | |
| | | | |
| | | | |

**निर्णय नं १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमाः** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढिवाची सुनाउने कार्य भयो। साथै गत बैठकमा भएका निर्णयहरु कार्यान्वयन चरणमा रहेको व्यहोरा जानकारी समेत गरियो।

**निर्णय नं २**

**खानेपानी मूहान दर्ता सम्बन्धमाः** रम्भा गाउँपालिका वडा नं १ मा अवस्थित बोझा अमिलि खानेपानी उपभोक्ता समिति र मजुवा कुलो खेत सिंचाई उपभोक्ता समिति बिच मिति २०८१/१२/१० गते खानेपानी उपलब्ध गराउने सम्बन्धमा सहमति भएको छ। बोझा अमिलि खानेपानी तथा सरसफाई उपभोक्ता समितिले मिति २०८२/०५/३१ मा खानेपानी मूल दर्ताको लागि वडा कार्यालयको मूहान दर्ता सम्बन्धी सिफारीस सहित निवेदन पेश गरेकोमा मिति २०८२/०७/१६ गते निवेदन दर्ता भई गाउँपालिकाबाट मिति २०८२/०९/०७ मा खानेपानी मूहान दर्ता गर्ने प्रयोजनार्थ ३५ (पैतिस) दिने सार्वजनिक सूचना आह्वान भएको छ। सोही सूचनाको आधारमा मजुवा कुलो खेत सिंचाई उपभोक्ता समितिबाट मिति २०८२/०९/२० मा दावी विरोध पेश भएको छ। मजुवा कुलो खेत सिंचाई उपभोक्ता समितिले पेश गरेको दावी विरोध तथा मिति २०८१/१२/१० मा दुवै पक्षको बिचमा भएको सम्झौता कार्यान्वयन भए नभएको सम्बन्धमा स्थलगत अनुगमन गरि प्रतिवेदन पेश गर्नको लागि २ नं वडा अध्यक्ष ज्यूको नेतृत्वमा गाउँकार्यपालिका बैठकले अध्ययन समिति निर्माण गरि अध्ययन समितिको प्रतिवेदन समेत प्राप्त भएकोमा उक्त प्रतिवेदनमा उल्लेख भएबमोजिम २५mm को पाइप हटाई २०mm पाइप समेत राखेको र मिति २०८१/१२/१० मा भएका सहमति र मापदण्ड बमोजिम नै मजुवा कुलो खेत सिंचाई उपभोक्ता समितिले खादै आएको पानी ट्याकीं भन्दा तल इन्टेक निर्माण गरि पाइप लगेको देखिन आएको हुदाँ सोही मूलको तलबाट मजुवा खानेपानीको ट्याकींलाई क्षति नपुर्याइ खानेपानी प्रयोग गर्ने शर्तमा बोझा अमिलि खानेपानी तथा सरसफाई उपभोक्ता समितिले उपभोग गर्ने गरि जलश्रोतको नाम मजुवा क्षेत्रमा लाने पानीको इन्टेक भन्दा ४.५ मिटर तल फड्के मूल 'ख' रम्भा १ रहने गरि मूहान दर्ता गर्ने निर्णय गरियो।

CamScanner

**निर्णय नं ३**

**स्वास्थ्य औषधि खरिद सम्बन्धमा:** रम्भा गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम निशुल्क वितरणको लागि औषधि खरिद शिर्षकमा विनियोजित बजेटबाट श्रावण भाद्र र आश्विन महिनामा हुन सक्ने औषधि अभावलाई मध्येनजर गर्दै औषधि खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ४**

**गाउँसभाको आ.व. २०८३/०८४ को अनुमानित आय व्यय सम्बन्धमा:** रम्भा गाउँपालिकाको आ.व. २०८३/०८४ को अनुमानित आय व्यय तपसिल बमोजिम रहने सम्बन्धमा जानकारी गराइयो ।

| क्र.स | तह | बजेट | कैफियत |
|---|---|---|---|
| १ | **सघीय सरकार** | | |
| | **सशर्त अनुदान** | | |
| | चालु | २३३८००००० | |
| | पूजीगत | २२५००००० | |
| २ | वित्तिय समानिकरण अनुदान | ८७८००००० | |
| ३ | राजश्व वाँडफाँड | ७९८८१००० | |
| ४ | विशेष अनुदान | २७५००००० | |
| ५ | समपुरक अनुदान | २४००००० | |
| | **प्रदेश सरकार** | | |
| | **सशर्त अनुदान तर्फ** | | |
| १ | चालु | २०००००० | |
| २ | पूजीगत | १०००००० | |
| ३ | समानिकरण अनुदान | ६००८००० | |
| ४ | सवारी साधन कर( राजश्व बाडफाँड) | ८६९४००० | |
| ५ | विशेष अनुदान | २०००००० | |
| ६ | समपुरक अनुदान | ७५००००० | |
| | **गा.पा तर्फ को** | | |
| १ | आन्तरिक आम्दानी | १४०००००० | |
| २ | अ.ल्या | २४१००००० | |
| | **आय अनुमान जम्मा** | ५२८१८३००० | |
| | **व्यय अनुमान जम्मा** | | |
| | चालु तर्फ | ३४३३१८९५० | |
| | पुँजिगत तर्फ | १८४८६४०५० | |

निर्णय नं ५

**रम्भा गाउँपालिका गाउँसभाको १९ औ अधिवेशन सम्बन्धमा**: रम्भा गाउँपालिका गाउँसभाको १९ औ अधिवेशनको दोश्रो बैठक मिति २०८३/०३/१० गते बिहान ११ बजेबाट रम्भा गाउँपालिकाको सभाहलमा बस्ने सम्बन्धमा छलफल गरि निर्णय गरियो।

निर्णय नं ६

**नर्सरीमा उत्पादित विरुवा वितरण गर्ने सम्बन्धमा**: रम्भा गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम नर्सरी स्थापना र संचालन कार्यान्वयनको लागि रम्भा गाउँपालिकाबाट प्रस्तावना माग गरिएकोमा सँगाहा कृषि सहकारी संस्था रम्भा १ ले खयर लिचि आप अम्बा सिसौ किम्बु र उत्पादन गरेको हुदाँ उक्त विरुवा वितरण सम्बन्धमा जानकारी गराइयो।

CamScanner